


वर्ष ४७ | अङ्क २ | कात्तिक २०७९ | अक्टोबर-नोभेम्बर २०२२

# गभर्नर अधिकारीद्वारा आइएमएफ-विश्व बैंक समूहको वार्षिक बैठकमा सहभागिता









गभर्नर महा प्रसाद अधिकारी २०७९ असोज २४ देखि ३० सम्म संयुक्त राज्य अमेरिकाको वासिङ्टन डि.सी.माआयोजित IMF-WorldBank को Annual Meetings, 2022मा सहभागी हुनुभयो । उक्त बैठकमा १९० सदस्य राष्ट्रका केन्द्रीय बैंक तथा मौद्रिक अधिकारीहरूको सहभागिता रहेको थियो ।

बैठकको क्रममा आयोजित Plenary बैठकमा Board of Governors का Chairman Hassan Abdalla, World Bank Group का President, David Malpass/IMF का Managing Director, Kristalina Georgieva लगायतले सम्बोधन गर्दै विश्व अर्थतन्त्रमा देखिएका जोखिमहरू र यसको निराकरणको लागि विश्वले अपनाउनु पर्ने नीतिगत उपायबारे प्रकाश पार्नु भएको थियो ।

गभर्नर अधिकारी 53rd Joint Governors' Meeting of IMF-WB South East Asia Constituency, IMFsfAsia Pacific Department, Monetary and Capital Market Department (MCM) र अन्तर्राष्ट्रिय वित्त निगमका उच्च पदाधिकारीहरूसँगको बैठकमा सहभागी हुनुभएको थियो ।

उक्त अवसरमा आइएमएफका Deputy Managing Director Dr. Bo Li, Asia Pacific Department का पदाधिकारीहरू, Southeast Asia Voting Group(SEAVG) तथा MCMका पदाधिकारीहरूसँग ECF लगायत, नेपालको सम्बन्धमा भइरहेका कामहरू र भावी कार्यक्रमहरूको बारेमा छलफल भएको थियो । साथै, उहाँ सार्क मुलुकका गभर्नरहरूसँग सामूहिक Breakfast Meeting मा सहभागी हुनुभयो । उक्त कार्यक्रमको अवसरमा बङ्गलादेश बैंकका गभर्नर अब्दुर रौफ तालुकदार, भारतीय रिजर्व बैंकका गभर्नर शक्तिकान्त दास, माल्दीभ्स मनिटरी अथोरिटिका गभर्नर अलिहसिम, स्टेट बैंक अफ पाकिस्तानका गभर्नर जमिलअहमद र सेन्ट्रल बैंक अफ श्रीलंकाका गभर्नर डा. पि. नन्दलाल विरासिंघेसँग द्विपक्षीय रूपमा क्षेत्रीय अर्थ व्यवस्थाका बारेमा छलफल भएको थियो । त्यसैगरी गभर्नर अधिकारीले भारतीय अर्थमन्त्री निर्मला सीतारमणसँग पनि अनौपचारिक भेटवार्ता गर्नुभएको थियो ।

उक्त बैठकमा गभर्नर अधिकारीका साथ आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा.प्रकाशकुमार श्रेष्ठसमेत सहभागी हुनुभएको थियो ।

# तेस्रो पारस्परिक मूल्याङ्कनसम्बन्धी अन्तरक्रिया

वित्तीय जानकारी इकाईले असोज ११ गते काठमाडौंमा एपीजी तेस्रो पारस्परिक मूल्याङ्कनको तयारीका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

डेपुटी गभर्नर बमबहादुर मिश्रको प्रमुख आतिथ्यमा इकाईले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा डेपुटी गभर्नर मिश्रले पारस्परिक मूल्याङ्कनको प्रक्रियाबारे प्रकाश पार्दै सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य संस्थाको सुपरिवेक्षकीय कारबाहीमा सम्पत्ति शुद्धीकरण निवारणका विषयमा कुनै कसर राख्न नहुने धारणा उहाँले राख्नुभयो । तेस्रो चरणको पारस्परिक मूल्याङ्कनसँग सम्बन्धित पूर्वतयारीलाई प्रभावकारी ढङ्गले अघि बढाउनसमेत उहाँले निर्देशन दिनुभयो ।

कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले तेस्रो चरणको पारस्परिक मूल्याङ्कनसँग सम्बन्धित तयारीका निम्ति अन्तरविभागीय समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।




सो अवसरमा वित्तीय जानकारी इकाईका प्रमुख दीर्घबहादुर रावलले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै एसिया प्यासिफिक समूहको सचिवालयले पारस्पारिक मूल्याङ्कनका लागि विस्तृत कार्यतालिका तयार गरी मूल्याङ्कन टोलीको नामावली पनि पठाइसकिएको जानकारी दिनुभयो ।

कार्यक्रमका छलफल सत्रमा इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठले 'पारस्परिक मूल्याङ्कनको तयारी: वित्तीय जानकारी इकाईको दृष्टिकोण' र बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक अभियान उपाध्यायले 'पारस्परिक मूल्याङ्कनको तयारी: सुपरिवेक्षकीय दृष्टिकोण' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, उप-निर्देशक डा. हरिकुमार नेपालले समग्र पारस्परिक मूल्याङ्कनको सन्दर्भमा नेपाल राष्ट्र बैंकको भूमिकाका सन्दर्भमा धारणा राख्नुभयो । कार्यक्रममा बैंकका उच्च अधिकारीहरूको उपस्थिति थियो । इकाईका सहायक निर्देशक अमिष शर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# समसामायिक बैंकिङ तथा आर्थिक विषयमा अन्तरक्रिया

धनगढी कार्यालयले असोज १२ गते समसामयिक बैंकिङ तथा आर्थिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक विनोदराज लेखकको अध्यक्षतामा आयोजित कार्यक्रममा वाणिज्य बैंकका प्रदेश प्रमुखहरूको उपस्थिति थियो । कार्यक्रममा देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति, सुदूरपश्चिम प्रदेशमा वित्तीय सेवाको पहुँच, बढ्दो ब्याजदर, कर्जाको गुणस्तर, प्राथमिकताप्राप्त क्षेत्रमा कर्जा लगानी, सहुलियतपूर्ण कर्जा, विद्युतीय भुक्तानी प्रणाली र नगद व्यवस्थापनलगायतका विषयमा छलफल भएको थियो । सहभागीबाट नगद व्यवस्थापन, नयाँ नोट वितरण र बझाङ जिल्लाको साइपाल गाउँपालिकामा वाणिज्य बैंकको शाखा विस्तारको सन्दर्भमा समेत अन्तरक्रिया भएको थियो ।




कार्यक्रममा उप-निर्देशक अवन्तिका रिमालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने प्रधान सहायक रामकुमार चौधरीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# विभिन्न निकायसँग समझदारी



वित्तीय जानकारी इकाईले सम्पत्ति शुद्धीकरण निवारण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणको सहकार्यको निम्ति विभिन्न निकायसँग समझदारी गरेको छ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी एवम् आमविनाशकारी हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी (प्रोलिफरेसन फाइनान्सिङ) र सम्बद्ध कसुरको प्रभावकारी विश्लेषण र अनुसन्धानका सम्बन्धमा सहयोग आदानप्रदान, सहजीकरण र गोपनीयता कायम गर्ने सम्बन्धमा उक्त समझदारी कायम भएको हो।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा असोज ९ गते आयोजित कार्यक्रममा इकाईका प्रमुख दीर्घबहादुर रावल र अन्य निकायका उच्च अधिकारीहरूले समझदारीपत्रमा हस्ताक्षर गर्नुभयो। विभिन्न १४ वटा नियमनकारी र अनुसन्धानमूलक निकायसँग इकाईले समझदारी गरेको हो।

इकाईले समझदारी गरेका निकायमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, आन्तरिक राजस्व विभाग, नेपाल धितोपत्र बोर्ड, सहकारी विभाग, पर्यटन मन्त्रालय, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा भू-संरक्षण विभाग, अध्यागमन विभाग, र औषधि व्यवस्था विभाग छन्।

# सिद्धार्थनगरमा तनाव व्यवस्थापन कार्यक्रम

सिद्धार्थनगर कार्यालयले भदौ १८ गते भैरहवामा तनाव व्यवस्थापन कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा कार्यालयका सम्पूर्ण कर्मचारीको सहभागिता थियो।

सो अवसरमा वरिष्ठ योग प्रशिक्षक गिरिजेशशरण चौधरीले तनावका कारण र तनावको व्यवस्थापनका विविध पक्षबारे चर्चा गर्दै तनावरहित जीवनको निम्ति अपनाउनुपर्ने दैनिक आचरणका सम्बन्धमा जानकारी दिनुभयो। साथै, उहाँले योगसम्बन्धी प्रशिक्षणसमेत दिनुभएको थियो।



# धनगढी कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम

धनगढी कार्यालयले भदौ ३१ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा कार्यालयका उप-निर्देशक अस्मिता गोर्खालीले 'AML/CFT in Nepal' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो।



त्यस क्रममा उहाँले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको पृष्ठभूमि, सम्पत्ति शुद्धीकरणका चरण, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलाप नियन्त्रणको निम्ति नेपालमा अवलम्बन गरिएका कानुनी तथा नीतिगत व्यवस्था, नेपाल राष्ट्र बैंकबाट जारी भएका निर्देशन, यसको कार्यान्वयन अवस्थालगायतका विषयमा चर्चा गर्नुभयो।

कार्यक्रममा निर्देशक विनोदराज लेखकले समापन मन्तव्य राख्दै सम्पत्ति शुद्धीकरण निवारण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका सन्दर्भमा सबैले जानकारी राख्नुपर्ने आवश्यकता औँल्याउनुभयो। कार्यक्रममा धनगढी कार्यालयका कर्मचारीहरूको सहभागिता थियो। प्रधान सहायक रामकुमार चौधरीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# नेपालगञ्जमा ज्ञान आदानप्रदान कार्यक्रम

नेपालगञ्ज कार्यालयले असोज ११ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। कार्यालयको सभाकक्षमा आयोजित कार्यक्रममा सहायक निर्देशक रेणु सुवालले 'An Overview of Provincial Government Transactions' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले प्रदेश सरकारका खाताको सञ्चालन विधि, यससम्बन्धी नीतिगत व्यवस्था, सरकारी खाताको हिसाबमिलान प्रक्रिया र कार्यान्वयनमा देखिएका प्रमुख चुनौतीका सम्बन्धमा चर्चा गर्नुभयो।

नेपालगञ्ज कार्यालयका निर्देशक नीभा श्रेष्ठको संयोजकत्वमा आयोजित कार्यक्रममा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो। सहायक निर्देशक दीपेश यादवले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# अवकाश

जनशक्ति व्यवस्थापन विभागका उप-निर्देशक राममणि शर्मा र टक्सार महाशाखाका उप-निर्देशक दीर्घबहादुर थापाले बैंक सेवाबाट अवकास पाउनुभएको छ। उहाँहरूले क्रमशः २०७९ असोज ३ र ६ देखि अवकाश पाउनुभएको हो। उहाँहरू दुवैले ५८ वर्ष उमेरहदका कारण अवकाश पाउनुभएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँको सुखद अवकाश जीवनको निम्त हार्दिक शुभकामना व्यक्त गर्दछ।

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
सूचना तथा सञ्चार समन्वय महाशाखा
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*
विद्या अधिकारी
लालकुमार सुवेदी
नवीना ताम्राकार